# संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८

प्रमाणीकरण मिति

२०७८।१।२१

संवत् २०७८ सालको अध्यादेश नं. ४

संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावनाः संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसद्को अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ६ मा संशोधनः संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ६ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

"(३) अध्यक्षसहित तत्काल बहाल रहेका बहुमत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।"

(२) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) बैठकमा पेश भएको प्रत्येक विषयको निर्णय सर्वसम्मतिको आधारमा हुनेछ।

तर यस उपदफा बमोजिम सर्वसम्मति कायम हुन नसकेमा अध्यक्षसहित तत्काल बहाल रहेका सदस्यको बहुमतबाट निर्णय हुन सक्नेछ।"

(३) उपदफा (६) र (७) झिकिएका छन्।

३. खारेजी र बचाउ : (१) संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७ खारेज गरिएको छ ।

(२) संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७ बमोजिम भए गरेका काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय